## २०७६ साल पौष ०८ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. प्रदेश समन्वय परिषद् बैठकको सञ्चालन सम्बन्धमा देहायबमोजिम गर्नेः

क. प्रदेश समन्वय परिषद्को दोस्रो बैठक मिति २०७६ पुस १० र ११ गते सुर्खेतको वीरेन्द्रनगर स्थित सिद्धार्थ शनी रिसोर्ट होटलमा सञ्चालन गर्ने ।

ख. स्वीकृत कार्यक्रम तथा बजेटको सीमाभित्र रही परिषद्को बैठक सञ्चालन तथा व्यवस्थापन गर्ने।

ग. प्रदेश समन्वय परिषद्को सदस्य-सचिवमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलयका शासकीय सुधार महाशाखा हेर्ने सचिव श्री लक्ष्मी कुमारी वस्नेतलाई तोक्ने।

२. नरहरीनाथ गाउँपालिका कालिकोटको कार्यालय भवन निर्माणको लागि आन्तिरक मामिला तथा कानून मन्त्रालयको आ.व. २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको खर्च शिर्षक २४११ (डिजिटल तथ्याङ्क संकलन) बाट चार करोड रुपैया मात्र नियमानुसार खर्च गर्ने गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले सशर्त अनुदानको रुपमा नरहरिनाथ गाउँपालिकालाई उपलब्ध गराउने।

३. कानूनी सहायता सम्बन्धी कार्यविधि, २०७६ स्वीकृत गर्ने।

४. विपद् जोखिम बीमा सम्बन्धी कार्यविधि, २०७६ स्वीकृत गर्ने।

५. कर्णाली प्रदेशमा कार्यरत कर्मचारीहलाई कर्णाली प्रोत्साहन भत्ता, चिकित्सकहरुको लागि विशेष प्रोत्साहन भत्ता र विमा तथा अन्य सेवा सुविधा उपलब्ध गराउने।

६. कर्णाली प्रदेशका विमान स्थलहरुको विस्तार तथा स्तरोन्नति सम्बन्धमा देहायबमोजिम गर्नेः

क. सुर्खेत विमानस्थलको क्षेत्र विस्तार र स्तरोन्नती गरी रातदिन हवाई सेवा संचालनयुक्त वनाउनका लागि नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई अनुरोध गर्ने।

ख. सुर्खेत विमानस्थललाई आधार वनाएर कर्णाली प्रदेशका अन्य जिल्लाहरुमा हवाई उडान सहज, सुरक्षित र भरपर्दो वनाउन प्रदेशका जिल्लाहरुमा रहेका विमानस्थलको पूर्वाधार विकास तथा स्तरोन्नति गर्न नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई अनुरोध गर्ने ।

७. प्रदेशलाई सहयोगापेक्षी (हिंसा तथा विभिन्न मानसिक तथा शारीरिक कारणले गर्दा बेसहारा भएका) सडक मानव रहित प्रदेशघोषणा गर्ने देहायका कार्य गर्नेः

क. सहयोगापेक्षी सडक मानव रहित बनाउन प्रदेश भरी सबै तहमा अभियान संचालन गर्ने,

ख. अभियान संचालन तथा निगरानीका लागि प्रदेश, जिल्ला र स्थानीय तह सम्म संरचना निर्माण गर्ने,

ग. दीर्घकालीन पुर्नस्थापना केन्द्र (मानव सेवा आश्रम) को क्षमता अभिवृद्धि गर्ने,

घ. सबै जिल्लाबाट जानकारी प्राप्त गरी "सहयोगापेक्षी सडक मानव मुक्त"प्रदेश घोषणा गर्ने।

८. मृतक खेलाडी समिपुरा वडेको बुवा रंगे नेपालीलाई आर्थिक सहयोग रकम रु एक लाख (अक्षेरुपी एक लाख) आर्थिक मामिला तथा योजना मन्त्रालयबाट निकासा लिई उपलब्ध गराउने ।

९. १३ औ साग खेलमा कर्णाली प्रदेश स्थायी ठेगाना भएका तपसिलका पदक प्राप्त खेलाडीलाई प्रोत्साहन स्वरुप तपसिल बमोजिमको रकम उपलब्ध गराउन स्वीकृति प्रदान गर्ने ।

**तपसिल**

| सि.नं. | खेलाडीको नामथर | स्वर्ण | रजत | कास्य | जिल्ला | खेल | इभेन्टस | पुरस्कार रकम | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | दिपक हमाल | १ | | | सुर्खेत | उसु | नानछवान | ३,००,०००। | |
| २ | पुष्पा भण्डारी | | १ | | सल्यान | एथलेटिक्स | म्याराथन | २,००,०००। | |
| ३ | गीता राणा | | १ | | सुर्खेत | महिला फुटबल | | २,००,०००। | |
| ४ | टेक बहादुर सार्की | | | १ | सुर्खेत | पुरुष खो खो | | १,००,०००। | |
| ५ | शारदा बि.क. | | १ | | रुकुम पश्चिम | महिला ह्याण्डबल | | २,००,०००। | |
| ६ | चन्द्रकला थापा | | | १ | दैलेख | बक्सिङ | | १,००,०००। | |

*द्रष्टव्यः निर्णयसगँ सम्बन्धित अन्य थप विवरणहरु आवश्यक परेमा संबन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।*